annapurnapost.com
# अन्नपूर्ण पोस्ट
वर्ष २३, अंक ५६ पृष्ठ १० | काठमाडौं, मंगलबार ११ असार २०८१ | आषाढ कृष्णपक्ष चतुर्थी, नेपाल संवत् ११४४ | TUESDAY, JUNE 25, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# अब राष्ट्रिय सरकारमा किन नजाने ?



के देश अस्थिरतामै अल्झाइरहने ? कि स्थिरताको निकास दिने ? सधैं गठबन्धन गर्न बाध्य पार्ने निर्वाचन प्रणाली नै चलाइरहने ? कि सबै दल मिलेर संविधानमा पुनर्विचार गर्ने ? सधैं सत्ता-खेलको वातावरण राखिदिइयो भने व्यवस्था नै संकटमा पर्न सक्छ। लोकतन्त्र र गणतन्त्रमा लडेका दल इतिहासको किनारामा पुगेर 'भाइरल' शक्ति वा व्यक्ति राजनीतिमा हाबी हुन सक्छन्। त्यो अवस्थाबाट जोगाउन राष्ट्रिय सरकार अबको खाँचो बनेको छ। त्यसले शासन मात्र चलाउने होइन, व्यवस्थाका खराब पार्ट-पुर्जाहरूलाई मर्मत पनि गर्नुपर्ने छ। त्यता किन नलाग्ने ?

समाचार पृष्ठ २

सुरेन्द्र काफ्ले | *काठमाडौं*
– को रिपोर्ट

## शून्य बेरुजु पालिकाको वित्तीय अनुशासन हो



देवीराम पाठक

इजलास

हाम्रो गाउँपालिकाको पछिल्ला ३ आर्थिक वर्ष २०७६/०७७, २०७७/०७८ र २०७८/०७९ मा देशभरमै शून्य बेरुजु भयो। आर्थिक वर्ष गत आर्थिक वर्ष ०७९/०८० मा पनि एक प्रतिशतभन्दा कम (वाञ्छित सीमाभित्र) बेरुजु कायम भयो। निरन्तर तीन आर्थिक वर्षमा पालिकाको शून्य बेरुजुले पालिकाको वित्तीय अनुशासनलाई चित्रण गरेको छ।

अझै पनि धेरै बेरुजु हुनेबित्तिकै त्यसलाई भ्रष्टाचार भएको र कम बेरुजु हुँदा भ्रष्टाचार नहुने भन्ने खालको भाष्य सिर्जना समाजमा गरिएको पाइन्छ। तर, त्यसरी चित्रण गर्नु सान्दर्भिक देखिँदैन। सबै बेरुजुलाई एकमुष्ठमा भ्रष्टाचार भयो भन्न मिल्दैन। जहाँ भ्रष्टाचार गर्ने हिसाबले नै काम गरिएको छ त्यो बेरुजु भ्रष्टाचार हुनसक्छ। बेमनासिव तवरले खर्च भई असुलउपर गर्नुपर्ने अवस्थाको बेरुजुले करिब-करिब त्यतातिर संकेत गर्दछ। तर, असुलउपर हुने सबै बेरुजु भ्रष्टाचार हुन सक्दैन।

पालिकाको वित्तीय अनुशासन सबैभन्दा महत्वपूर्ण पाटो हो। कानुनले कर्मचारी र जनप्रतिनिधिहरूको काम, कर्तव्य र अधिकारलाई प्रष्ट रुपमा तोकेको छ। जनप्रतिनिधिहरूले वार्षिक नीति, कार्यक्रम र बजेट निर्माण गर्दा विनियोजन कुशलता देखाउने र विनियोजित बजेट एवं योजनाहरूको कार्यसम्पादन गर्ने क्रममा कर्मचारीहरूमाथि हस्तक्षेप नहुने हो भने पालिकाको समृद्धि हासिल गर्नका लागि समस्या हुँदैन।

जुन कार्यालयको बेरुजु कम छ वा शून्य छ भने त्यहाँ हुने कार्यसम्पादन नीतिसंगत छ भन्ने कुरा प्रष्ट रूपमा बुझ्नुपर्छ। जुन सफलता हामीले निरन्तर तीन आर्थिक वर्षमा पायौँ त्यसले काम गर्नका लागि थप हौसला थपेको छ। आगामी आर्थिक वर्षका लागि पनि विनियोजित नीति, कार्यक्रम र बजेटलाई कुशलतापूर्वक कार्यान्वयन गर्नका लागि हामी सवै कर्मचारीहरू लागि पर्छौं। पालिकाका सबै जनप्रतिनिधिहरूबीच सुमधुर सम्बन्धबाट नै समग्र पालिकाको समृद्धि हासिल गर्न सकिन्छ भन्ने कुरालाई व्यवहारत: पुष्टि गर्छौं।

*(पाठक सरुमारानी गाउँपालिका प्यूठानका प्रमुख प्रशासकीय अधिकृत हुन्)*

# तपस्वी बम्जन कसुरदार ठहर

सुनिल ठाकुर | *मलंगवा*

बालयौन दुराचार अभियोगमा पुर्पक्षका लागि महोत्तरी कारागारमा रहेका 'तपस्वी' रामबहादुर बम्जनलाई जिल्ला अदालत सर्लाहीले कसुर ठहर गरेको छ।

सोमबार जिल्ला अदालत सर्लाहीले बम्जनलाई कसुरदार ठहर गरेको हो। न्यायाधीश जीवनकुमार भण्डारीको एकल इजलासले बम्जनलाई कसुरदार ठहर गरेको जिल्ला अदालत सर्लाहीका श्रेस्तेदार सदन अधिकारीले जानकारी दिएका छन्। अधिकारीका अनुसार कसुरदार सोमबार ठहर भएको हो। सजाय के कति हुने हो त्यो असार १७ गते तय हुने भएको छ। उनीसँगै अभियोग लागेका अन्य दुई जनाले भने सफाइ पाएका छन्।

बम्जनलाई सर्लाही जिल्ला अदालतका न्यायाधीश विष्णुप्रसाद रेग्मीको इजलासले गत पुस २६ गते पुर्पक्षका लागि महोत्तरीस्थित



जलेश्वर कारागार चलानको आदेश दिएको थियो। 'यौन सन्तुष्टि प्राप्त गर्ने तथा बालयौन शोषण' अभियोगमा पुर्पक्षमा रहेका बम्जन निर्दोष रहेको दाबीसहित सोमबारको इजलासमा वरिष्ठ अधिवक्ता सीताराम केसी एवं अधिवक्ताहरू राम घिमिरे, मनोहर झा, राष्ट्र विमोचन तिमल्सिना र दिलीप झाले बहस गरेका थिए भने अभियोगबमोजिम कैद सजायको मागसहित जिल्ला सरकारी वकिल कार्यालय मलंगवाका प्रमुख जिल्ला न्यायाधिवक्ता कैलाश दाहालले बहस गरेका थिए। यसअघि तीन पटकसम्म बम्जनविरुद्धको मुद्दा पेसी चढे पनि बम्जनका वकिलहरूले २ तथा सरकारी वकिलले १ चोटी निवेदन दिएर सारेका थिए।

सर्लाही जिल्ला अदालतले २०७७ साल असार २१ गते जारी गरेको पक्राउ पुर्जीका आधारमा बम्जनलाई काठमाडौंको बूढानीलकण्ठ नगरपालिका-६ स्थित निवासबाटै गत पुस २४ गते मंगलबार साँझ सीआईबीको टोलीले पक्राउ गरेको थियो।

२०७६ माघ २३ गते जिल्ला प्रहरी कार्यालय मलंगवामा बारा जिल्लाको निजगढ नगरपालिका-१२ निवासी ३० वर्षीय बम्जनविरुद्ध पीडित बालिकाको परिवारले किटानी जाहेरी दिएको थियो। अभियुक्त बम्जनविरुद्ध जिल्ला सरकारी वकिल कार्यालयले १२ देखि १४ वर्षसम्म कैद सजाय एवं पीडित परिवारलाई क्षतिपूर्तिको समेत मागदाबीसहित अभियोग पत्र दायर गरेको थियो।

## मेयरका लागि गाडी किन्न छुट्ट्याइएको पैसाले नगरबस

रामचन्द्र न्यौपाने | *डोल्पा*



उच्च तहमा पुगेपछि राज्यकोषबाट सेवा लिन नचाहने सायदै कमै होलान्। यसमा स्थानीय तहका जनप्रतिनिधि पनि अछुतो छैनन्। स्थानीय तहका जनप्रतिनिधिले आफ्नो सेवा सुविधाका लागि विकास बजेट कटौती गरेर महँगा गाडी किनेका थुप्रै उदाहरण छन्।

तर, डोल्पाको ठूलीभेरी नगरपालिकाका मेयर सुवर्ण बुढाले आफ्नो सुविधाका लागि स्करपियो किन्ने रकमले नगरबस किन्ने निर्णय गरेका छन्। यसका लागि नगरपालिकाले ५० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ।

» बाँकी पृष्ठ ६

# गोरखाका स्थानीय तहमा अस्तव्यस्त बेरुजु

शिव उप्रेती | *गोरखा*

गोरखाका स्थानीय तहहरूमा विभिन्न शीर्षकमा भएका खर्च बेरुजु हुने गरेका छन्। महालेखा परीक्षकको कार्यालयबाट हालै सार्वजनिक ६१औं प्रतिवेदनमा यहाँका ११ वटा स्थानीय तहहरूमा अथाह बेरुजु देखिएको हो।

विशेषगरी नियमविपरीत भुक्तान भएका भ्रमण तथा बैठक भत्ताहरूलाई महालेखाले बेरुजुको सूचीमा राखेको छ। त्यस्तै मापदण्डभन्दा बढी भुक्तानी गरेको, अनधिकृत रूपमा दिएको चन्दा तथा आर्थिक सहयोग, नाफामुखी संस्थाहरूलाई दिएको चन्दा रकमलाई पनि बेरुजुमा सूचीकृत गरेको हो।


परिषदबाट ब्रेकडाउन नगरी एकमुष्ट अबन्डामा बजेट विनियोजन गर्ने र अनुकूल समयमा अनुकूल शीर्षक बनाएर आफूखुसी शीर्षकमा बजेट विनियोजन गर्ने पद्धतिलाई पनि महालेखाले बेरुजु ठहर गरेको छ।

एक लाखभन्दा पनि कम बजेटका सानासाना कार्यक्रम बनाउने, निर्धारित शीर्षकमा बजेट खर्च नगरी शून्य प्रतिशत खर्च प्रगति गर्ने, अन्य ११ महिनामा प्रगति नगरी असार लागेपछि मात्र खर्च प्रगति गर्ने जस्ता पद्धतिलाई महालेखाले बेरुजु देखाएको छ।

### अकुत भत्ता भुक्तानी

महालेखाको प्रतिवेदनअनुसार चुमनुब्री गाउँपालिकाले गत आर्थिक वर्ष ४१ लाख २५ हजार रुपैयाँ अनुगमन तथा भ्रमण खर्चबापत




भुक्तानी गरेको छ। पालिका कार्यालयको २८ जना पदाधिकारी र कर्मचारीको भ्रमण खर्चमा बापत ९ लाख रुपैयाँ खर्च गरेको छ। धार्चे गाउँपालिकाले पनि ३० लाख ३ हजार रुपैयाँ अनुगमन तथा भ्रमण खर्च बापत भुक्तानी गरेको महालेखा प्रतिवेदनमा उल्लेख छ।

नियमअनुसार कुनै निजामती कर्मचारी स्थानीय भत्ता पाउने स्थानमा बसी काम गरेको भएमा मात्र भत्ता पाउने व्यवस्था रहेको छ तर, सिरानचोक गाउँपालिकाले अध्ययन विद्यामा बसेको कर्मचारीहरू डाक्टर सुजाता नगरकोटी र डाक्टर दीपेन्द्र मग्रातीका नाममा पनि भत्ता भुक्तानी दिएको ९१ हजार ८ सय ५६ रुपैयाँ बेरुजु देखिएको छ।

भीमसेनथापा गाउँपालिकाका कर्मचारी तथा पदाधिकारीहरूले योजनाहरूको अनुगमन गरेको भनी भत्ता लिने गरेका छन्। उनीहरूले विभिन्न समयमा ५ लाख २० हजारभन्दा बढी भत्ता लिएको महालेखाको विवरणमा उल्लेख छ। अनुगमन गरेको भनी भत्ता लिने प्रकारका अनुगमन खर्चलाई निरुत्साहित गर्न निर्देशन दिएको छ। आरुघाट गाउँपालिका आफैंले एक अनुगमन समिति गठन गरी अनुगमन मूल्यांकन समितिको बैठक बसेको भनि जनप्रतिनिधि र कर्मचारीलाई ९ लाख ८१ हजार भत्ता भुक्तानी गरेको पाइएको छ।

पालिकाको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययीततासम्बन्धी निर्देशिका २)७८ ले समेत सोही पालिकाले ९ लाख ८१ हजार अनुगमन समितिको बैठक भत्ता भनी भुक्तानी गरेको छ। सो रकम नियमसम्बत नदेखिएको महालेखा प्रतिवेदनले औंल्याएको छ।

त्यस्तै गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यहरूलाई मासिक रूपमा यातायात सुविधा नपाउने व्यवस्था रहेको भए पनि आरुघाट पालिकाले पदाधिकारीलाई सवारीसाधनको अतिरिक्त मासिक यातायात सुविधासमेत उपलब्ध गराएको महालेखा प्रतिवेदनमा उल्लेख छ।

त्यस्तै पालुङटार नगरपालिकाले भ्रमणबापत खर्च गरेको ५ लाख रुपैयाँमा बेरुजु देखिएको छ। नगरपालिकाको वडा नं ९ र १० को जनप्रतिनिधि र सामुदायिक सिकाइ केन्द्रका सदस्य अवलोकन भ्रमणबापत खर्च भएको १ लाख रुपैयाँ तथा वडा नं ८ को जनप्रतिनिधि कर्मचारी अवलोकन भ्रमण र नमुना विद्यालय अवलोकन भ्रमणअन्तर्गत खर्च भएको २/२ लाख रुपैयाँ बेरुजु देखिएको छ। त्यस्तै, कार्यालयले भ्रमणबापत खर्च गरेको ४४ लाख ५५ हजार रकम बेरुजु देखिएको छ। निर्देशिका विपरीत १५ जना कर्मचारीलाई भुक्तान गरेको भत्ता १ लाख रुपैयाँ पनि महालेखाले बेरुजु औंल्याएको छ।

त्यसैगरी यस नगरपलिकाको विभिन्न शाखाहरूमा कार्यरत १५ कर्मचारीलाई नियमविपरीत ३ हजारदेखि १५ हजारसम्मका दरले भत्ता प्रदान गरेको भत्ता र गाउँघर क्लिनिक, स्वास्थ्य शिविर र एकीकृत घुम्ती शिविरको अनुगमन गरेबापत १३ जना कर्मचारीले लिएको भत्ता ५० हजार पनि बेरुजु देखिएको महालेखाको प्रतिवेदनमा उल्लेख छ। पालिकाका पदाधिकारी सदस्यले १ हजार रुपैयाँका दरले बैठक भत्ता पाउने प्रावधान रहेकामा १५ सयका दरले भुक्तानी लिने गरेकाले बढी भुक्तानी लिएको सो रकम असुल गर्न महालेखाले निर्देशन दिएको छ।

करारमा कार्यरत कर्मचारीलाई स्थानीय भत्ता दिन नमिल्ने भए पनि गोरखा नगरपालिकाले उद्यम विकास सहजकर्ता र सहयोगीलाई दिएको २० हजार रुपैयाँ भत्ता बेरुजु देखाएको छ।

» बाँकी पृष्ठ ६